**आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली**
**मितिः १३ जनवरी २०२६**
**समयः १८:५० – १९:०० बजे**

**<u>मुख्य समाचार</u>**

- गायक तथा अभिनेता प्रशान्त तामाङ पञ्चतत्वमा विलीन, प्रधानमन्त्री नरेन्द्र मोदीले तामाङको निधनमा गहिरो समवेदना व्यक्त गर्नु भएको छ।

- निर्वाचन आयोगले पश्चिम बंगालमा मतदाता सूचीको मस्यौदामा दाबी र आपत्तिहरू सुन्न दुई हजार थप माइक्रो-पर्यवेक्षकहरू नियुक्त गर्ने आफ्नो निर्णय स्पष्ट पारेको छ।

- पश्चिम बंगालमा आई प्याकसँग सम्बन्धित छापा मार्ने विषयमा  भाजपाले आज कलकत्ता उच्च अदालतमा राज्य सचिवालय, नवन्ना अगाडि विरोध प्रदर्शन गर्न अनुमति माग्दै निवेदन दर्ता गरेको छ।

- आईआईटी खड़गपुरको भूविज्ञान एवं भूभौतिक विभागका प्रोफेसर  प्राध्यापक अभिजित मुखर्जी २०२५ को एप्लाइड हाइड्रोजियोलोजी अवार्डले सम्मानित हुनु भएको छ।

- प्रमुख रक्षा अध्यक्ष जनरल अनिल चौहानले शसक्त र सुरक्षित भारत निर्माणमा युवाहरूको सक्रिय सहभागिता महत्वपूर्ण रहेको बताउनु भएको छ।

**<u>प्रशान्त तामाङ – दाह संस्कार</u>**

गायक तथा अभिनेता प्रशान्त तामाङ आज पञ्चतत्वमा विलिन भएका छन्। उनको दाह संस्कार आज दार्जीलिङको आलुबारीस्थित शमसान घाटमा बौद्ध धर्म परम्परा अनुसार सम्पन्न गरियो। उनको अन्तिम शव यात्रामा उपस्थित हुन आज दार्जीलिङका स्थानीयहरू, विभिन्न ठाउँबाट आएका कलाकारहरू, इण्डियन आइडल तेस्रो सिजनका साथीहरू लगायत अन्यको बाक्लो उपस्थिति रहेको थियो।

**स्वर्गीय तामाङलाई कलाकारहरूले उनले गाएका गीतहरू गाउदै अन्तिम विदाई दिएका थिए भने इण्डियन आइडल सिजन तीनका प्रतिस्पर्धीहरूले पनि स्वर्गीय तामाङसँग शो- मा गाएको गीत गाएर अन्तिम विदाई दिए। यसक्रममा कलाकारहरूले स्वर्गीय प्रशान्त तामाङलाई जीवित राख्नका लागि क्षेत्रीय व्यवस्थाले उचित पहल चाल्नु पर्ने माग गरेका छन् । स्मरण रहोस् , प्रथम गोर्खा इण्डियन आइडल प्रशान्त तामाङको आइतबार हृदय घातको कारण निधन भएको थियो। उनले हिन्दी अनि नेपाली दुवै भाषामा गीतहरू गाएका छन् भने नेपाली चलचित्रहरू, हिन्दी वेब सिरिजमा अभिनेताको रूपमा कामहरू गरिसकेका छन् । यसका साथै उनले हालै वलिउडको एउटा चलचित्रको छायांकन सिद्धाएका थिए।**

**<u>प्रधानमन्त्री- प्रशान्त- शोक प्रकट</u>**

प्रधानमन्त्री नरेन्द्र मोदीले प्रख्यात गायक तथा अभिनेता प्रशान्त तामाङको निधनमा गहिरो समवेदना व्यक्त गर्नु भएको छ। श्री तामाङकी श्रीमती मार्था आले तामाङलाई सम्बोधन गरिएको शोक सन्देशमा प्रधानमन्त्रीले प्रशान्त तामाङले मनोरञ्जन जगतमा आफ्नो लागि एक अद्वितीय स्थान बनाएको बताउनु भएको छ। स्वर्गीय तामाङलाई दृढ संकल्प र विशाल प्रतिभाको प्रतीकको रूपमा वर्णन गर्नु हुँदै  श्री मोदीले भन्नुभयो कि तामाङको जीवन र उपलब्धिहरूले अनगिन्ती मानिसहरूलाई प्रेरणा दिइ रहने छ। प्रधानमन्त्रीले भन्नु भयो, प्रशान्त तामाङको जीवनकथाले युवाहरूलाई आफ्नो सपनामा विश्वास गर्न र ती सपनाहरू  प्राप्त

गर्न कडा परिश्रम गर्न पनि प्रेरित गर्नेछ। प्रधानमन्त्रीले तामाङको परिवार र उनका प्रशंसकहरूलाई यो क्षति सहन सक्ने शक्ति प्रदान गरून् भनेर प्रार्थना गर्नु भयो ।

**एसआईआर**

निर्वाचन आयोगले पश्चिम बंगालमा मतदाता सूचीको मस्यौदामा दाबी र आपत्तिहरू सुन्न दुई हजार थप माइक्रो-पर्यवेक्षकहरू नियुक्त गर्ने आफ्नो निर्णय स्पष्ट पारेको छ। सुनुवाइ केन्द्रहरूको संख्या बढाउने प्रस्तावमाथि पनि विचार भइरहेको छ। मुख्य निर्वाचन अधिकारी कार्यालयका एक वरिष्ठ अधिकारीका अनुसार, यो निर्णय "प्रोजेनी म्यापिंग" गर्दा पत्ता लागेको ठूलो संख्यामा तार्किक विसंगतिहरूको कारणले मात्र नभई यी विसंगतिहरूको विविध प्रकृतिको कारणले पनि गरिएको हो। आयोगका अनुसार, प्रोजेनी म्यापिंगमा लगभग नौ लाख मुद्दाहरूमा विसंगतिहरू फेला परेका थिए, जसमा कम्तिमा छ प्रकारका त्रुटिहरू पहिचान गरिएका थिए। धेरै अवस्थामा, एक भन्दा बढी विसंगतिहरू फेला परेका थिए।

सीईओ अधिकारी कार्यालयको एक स्रोत अनुसार १४ फरवरीमा अन्तिम मतदाता सूची प्रकाशन हुनुभन्दा अघि तोकिएको समयसीमा भित्र सुनुवाइ सम्पन्न गरिसक्नु पर्ने भए पनि, आयोग कुनै पनि वास्तविक मतदाताको नाम सूचीबाट नहट्ने र कुनै पनि नक्कली मतदाताको नाम सूचीमा नराख्ने कुरा सुनिश्चित गर्न प्रतिबद्ध छ। यी उद्देश्यहरू प्राप्त गर्न मुद्दाहरूको गहन जाँच आवश्यक छ, त्यसैले सूक्ष्म-पर्यवेक्षकहरूको संख्या बढाउनु आवश्यक छ।" नव नियुक्त २ हजार सूक्ष्म-पर्यवेक्षकहरूलाई जनवरी १५ मा तालिम दिइने छ र भोलिपल्ट विभिन्न सुनुवाइ केन्द्रहरूमा खटाइनेछ। पहिले जस्तै, यी नियुक्तिहरू केन्द्रीय सार्वजनिक क्षेत्र उपक्रमहरू वा सार्वजनिक क्षेत्रका ब्याङ्कहरूको समूह 'ए' अनि 'बी' श्रेणीका अधिकारीहरूबाट गरिनेछ ।

**शुभेन्दु अधिकारी**

पश्चिम मेदिनीपुर जिल्लाको चन्द्रकोना रोड क्षेत्र (शालबनी विधानसभा क्षेत्र) मा विपक्षी नेता शुभेन्दु अधिकारीमाथि भएको कथित आक्रमण र भाजपा कार्यकर्ताहरूमाथि भइरहेको राजनीतिक हिंसाको विरोधमा आज भाजपा झारग्राम संगठनात्मक जिल्लाले "धिक्कार जुलुस र "परिवर्तन संकल्प सभा" आयोजना गरेको गर्यो । विपक्षी नेता शुभेन्दु अधिकारी आफैं कार्यक्रममा उपस्थित भएर "हिन्दू, हिन्दू, भाइ, भाइ" को नारा लगाउँदै विशाल र्‍यालीको नेतृत्व गर्नु भयो। भाजपाले हालै चन्द्रकोना रोड क्षेत्रमा पार्टी कार्यकर्ताहरूमाथि योजनाबद्ध आक्रमणमा धेरै घाइते भएको आरोप लगाएको छ। पार्टी नेताहरूले घटनाको सम्बन्धमा शुभेन्दु अधिकारीमाथि आक्रमण गर्ने प्रयास गरिएको दाबी गरेका छन्, जसले गर्दा जिल्लाभरि व्यापक आक्रोश फैलिएको छ। भाजपाले घटनाको समयमा पुलिसको निष्क्रिय रहेको आरोप लगाएको छ। सभालाई सम्बोधन गर्नु हुँदै विपक्षी नेता शुभेन्दु अधिकारीले राज्यमा राजनीतिक हिंसा सामान्य भइसकेको बताउनु भयो। उहाँले आफुमाथि भएको आक्रमण सत्तारुढ दलको संरक्षणमा व्याप्त अराजकताको उदाहरण रहेको बताउनु भयो। उहाँले तृणमूलको शासनकालमा कानून व्यवस्था पूर्ण रूपमा ध्वस्त भएको र असहमतिको आवाजलाई दबाउन हिंसाको प्रयोग भइरहेको आरोप लगाउनु भयो। श्री अधिकारीले भाजपा कार्यकर्ताहरूलाई धम्की नदिने र लोकतान्त्रिक रूपमा आफ्नो अधिकारको लागि लड्न जारी राख्ने आह्वान गर्नु भयो।

**आई-प्याक - भाजपा**

पश्चिम बंगालमा इण्डियन पोलीटिकल एक्शन कमिटी (I-PAC) सँग सम्बन्धित छापा मार्ने विषयमा राजनीतिक विवाद तीव्र भएको छ। भारतीय जनता पार्टी पश्चिम बंगाल इकाईले आज कलकत्ता उच्च अदालतमा राज्य सचिवालय, नबन्ना अगाडि विरोध प्रदर्शन गर्न अनुमति माग्दै निवेदन दर्ता गरेको छ। न्यायाधीश शम्पा दत्त पलको एकल पीठले भाजपाको निवेदन स्वीकार गरेको छ। नबन्ना जस्तो उच्च सुरक्षा क्षेत्रको अघि विरोध प्रदर्शन गर्न उच्च अदालतले अनुमति दिन्छ वा दिँदैन भन्ने हेर्न बाँकी छ। 8 जनवरीमा, प्रवर्तन निर्देशनालय (ED) ले आई प्याक कार्यालय र यसका सह-संस्थापक प्रतीक जैनको निवासमा एकै साथ छापा मारेको गरेको रिपोर्ट गरिएको छ। मुख्यमन्त्री ममता ब्यानर्जी, वरिष्ठ प्रशासनिक र पुलिस अधिकारीहरूसँगै, दुवै स्थानमा पुगेर केही कागजका फाइलहरू र इलेक्ट्रोनिक कागजातहरू कथित रूपमा लगेको आरोप छ। प्रवर्तन निर्देशनालयले यस विषयमा सर्वोच्च अदालत र कलकत्ता उच्च अदालतमा निवेदन दर्ता गरेको छ, जसमा मुख्यमन्त्रीले आफ्नो संवैधानिक पदको दुरुपयोग गरेको र केन्द्रीय एजेन्सीको काममा अवरोध पुर्‍याएको आरोप लगाइएको छ। मुद्दाको सुनुवाइ अझै पनि दुवै अदालतमा विचाराधीन छ।

## मुर्शिदाबाद बीएलओ मृत्यु

पश्चिम बंगालको मुर्शिदाबाद जिल्लामा बुथ लेभल अफिसर (BLO) को आत्महत्याको सम्बन्धमा पुलिसले तृणमूल कांग्रेसका एक कार्यकर्तालाई पक्राउ गरेको छ। पुलिस अनुसार, आरोपीले मृतकबाट लिएको २० लाख ऋण तिर्न अस्वीकार गरेका थिए, जसले गर्दा बीएलओ मानसिक रूपमा तनावग्रस्त भएका थिए। पुलिसले बताए अनुसार पक्राउ परेका तृणमूल कार्यकर्ताको पहिचान रानीतला पुलिस चौकी क्षेत्रका निवासी बुलेट खानको रूपमा गरिएको छ भने मृतक बीएलओ को नाम हमिमुल इस्लाम हो। खानलाई लालबाग उप-विभागीय अदालतमा पेश गरिएपछि पाँच दिनको पुलिस हिरासतमा राखिएको छ। सुरुमा, तृणमूल कांग्रेसको मुर्शिदाबाद नेतृत्वले मतदाता सूचीको विशेष गहन पुन निरीक्षण (SIR) सँग सम्बन्धित दबाबका कारण मृत्यु भएको बताएको थियो। पार्टीले यस मुद्दालाई लिएर कोलकातामा पश्चिम बंगाल मुख्य निर्वाचन अधिकारी कार्यालय बाहिर पनि विरोध प्रदर्शन गरेको थियो। यद्यपि, पुलिसको जाँचपछि यो मुद्दा ऋण विवादसँग सम्बन्धित रहेको पत्ता लगाएपछि आरोपीलाई पक्राउ गरिएको छ।

## खरसाङ-नारी शक्ति

खरसाङ टाउन कमिटी नारी शक्तिले आज खरसाङ नगरपालिकाको वार्ड नम्बर एकदेखि बीससम्मका शिशु शिक्षा केन्द्रका 40 जना सहायिकाहरुलाई लिएर सभा गरेको छ। गोर्खाल्याण्ड क्षेत्रीय प्रशासनका मुख्य कार्यपाल तथा भारतीय गोर्खा प्रजातान्त्रिक मोर्चाका केन्द्रीय अध्यक्ष अनित थापाको परामर्शलाई निरन्तरता दिन्दै खरसाङ टाउन कमिटी नारी शक्ति टोलीले उनीहरुको समस्या बुझ्न अनि सहयोग पुर्याउनको निम्ति सम्पूर्ण रिपोर्ट पार्टी अध्यक्ष समक्ष पुराउनको निम्ति सभा सम्पन गरेको बताइएको छ। खरसाङ नगरपालिकाको सभा गृहमा नगरपालिकाका उपाध्यक्ष सुभाष प्रधानद्वारा सञ्चालित सभालाई टाउन कमिटी नारी शक्तिका अध्यक्ष देवकी प्रधान सुब्बा, चिम्नी देउराली 28 नम्बर समष्टिका सभासद श्याम शेर्पा, नगरपालिकाका बड़ाबाबू सुरेन कटुवालले सम्वोधन गरेका थिए।

## सिलगढी मेयर

सिलगढीका मेयर गौतम देवले आज नगर निगम अन्तर्गत वार्ड नम्बर १ राजेन्द्रनगर क्षेत्रमा दुई दिन अघि सडक दुर्घटनामा मृत्यु भएका एक नाबालिगको घरमा गएर गहिरो समवेदना व्यक्त गर्नु भयो। नाबालिगको मृत्युले क्षेत्रमा शोक छाएको छ। नाबालिगको डम्परले ठक्कर दिएर घटनास्थलमै मृत्यु भएको थियो। मेयरले यस दुःखद समयमा परिवारलाई आफ्नो समर्थन र सबै सम्भव सहयोगको आश्वासन दिनु भएको छ। पत्रकारहरूसँग कुरा गर्नु हुँदै मेयर गौतम देवले शहरमा विशेष स्थानहरूमा भारी सवारी साधनहरू, विशेष गरी डम्परहरूको आवागमन कुनै पनि परिस्थितिमा अस्वीकार्य भएको बताउनु भयो। यसले नागरिकहरू, विशेष गरी बालबालिकाहरूको जीवनको लागि गम्भीर खतरा निम्त्याउँछ। उहाले यस विषयमा चाँडै नै नगर निगममा एक महत्त्वपूर्ण बैठक बोलाइएको जानकारी दिनु भयो, जसमा पुलिस अधिकारीहरू पनि उपस्थित हुनेछन्। बैठकले डम्पर र अन्य भारी सवारी साधनहरूको शहरमा प्रवेश र आवागमनको लागि समय सीमा तोक्ने, साथै कडा नियमहरू लागू गर्ने निर्णय गर्नेछ। मेयरले भविष्यमा यस्ता दुर्घटनाहरू रोक्न सवारी साधनहरू जान सक्ने मार्ग र समय स्पष्ट रूपमा निर्धारित गरिने बताउनु भयो।

## प्रा. अभिजित मुखर्जी-सम्मानित

भारतीय प्रौद्योगिकी संस्थान (IIT) खड़गपुरको भूविज्ञान एवं भूभौतिकी विभागका प्रोफेसर प्राध्यापक अभिजित मुखर्जी २०२५ को एप्लाइड हाइड्रोजियोलोजी अवार्डले सम्मानित हुनु भएको छ। यो अवार्ड इन्टरनेशनल एसोसिएसन अफ हाइड्रोजियोलोजिस्ट (IAH) द्वारा प्रदान गरिएको हो भने प्राध्यपक मुखर्जी सम्मान प्राप्त गर्ने पहिलो भारतीय वैज्ञानिक बन्नु भएको छ। उहाँलाई अष्ट्रेलियाको मेलबर्नमा आयोजित एक भव्य अन्तर्राष्ट्रिय समारोहबीच यो प्रतिष्ठित पुरस्कार प्रदान गरिएको हो। यूनाइटेड किंगडमस्थित इंटरनेशनल एसोसिएशन अफ हाइड्रोजियोलजिस्ट्स विश्वको सबैभन्दा ठूलो भूजल विशेषज्ञ संस्था मानिन्छ, जसको नेटवर्क १३५ भन्दा बढी देशहरूमा फैलिएको छ। यस संस्थाले प्रत्येक वर्ष भूजल व्यवस्थापन, जलस्रोतको दिगो प्रयोग र विश्वव्यापी पानी संकटलाई सम्बोधन गर्ने महत्वपूर्ण र व्यावहारिक योगदान पुऱ्याउने वैज्ञानिकलाई यो सम्मान प्रदान गर्दछ।

## एसएसबी- शिविर

सशस्त्र सीमा बल, खोपरेलको ८ औं बटालियनका कमान्डेन्ट  मितुल कुमारको मार्गदर्शनमा मिरिक महकुमाको टिंगलिंगको सीमा चौकी अन्तरगत लिम्बु गाउँमा "पशु चिकित्सा शिविर" आयोजना गरियो। पशु चिकित्सा शिविरमा, जनावरहरूको विभिन्न रोगहरूको जाँच र उपचार गरिएको थियो। ग्रामीण क्षेत्रहरूमा पशु स्वास्थ्य, दुग्ध उत्पादन र स्थानीय अर्थव्यवस्थालाई सुदृढ पार्ने उद्देश्यले आयोजना गरिएको शिविरमा पशु चिकित्सक डा. समीर कुमार दास र उनको टोलीले पशु स्वास्थ्य, सरसफाइ, र दूध उत्पादन बढाउने उपायहरू, साथै मौसमी रोगहरू र तिनीहरूको रोकथामको बारेमा पशुधन मालिकहरूलाई जानकारी प्रदान गरे। परीक्षण पछि नि:शुल्क औषधि पनि वितरण गरिएको थियो।

**सीडीएस- एनसीसी गणतंत्र दिवस शिविर**

प्रमुख रक्षा अध्यक्ष जनरल अनिल चौहानले सशक्त र सुरक्षित भारतको निर्माणमा युवाहरूको सक्रिय सहभागिता महत्त्वपूर्ण रहेको बताउनु भएको छ। आज नयाँ दिल्लीमा आयोजित राष्ट्रिय क्याडेट कोर गणतन्त्र दिवस शिविरलाई सम्बोधन गर्दै श्री चौहानले युवाहरूलाई राष्ट्रवादको भावनालाई आत्मसात गर्न र राष्ट्रको लक्ष्य प्राप्त गर्न उद्देश्यहरू निर्धारण गर्न आह्वान गर्नुभयो।सशस्त्र बलको भूमिकालाई रेखांकित गर्दै जनरल चौहानले भारतीय सशस्त्र बललाई सबैभन्दा सम्मानित र गौरवपूर्ण पेशाहरू मध्ये एकको रूपमा बताउनु भयो।उहाँले भन्नुभयो वर्दी लगाएर राष्ट्रको सेवा गर्नु केवल पेशा मात्र नभएर कर्तव्य र बलिदान प्रति जीवनभरिको प्रतिबद्धता हो।

****** ० ******